# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १५ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदी तीन देशहरू आफ्नो भ्रमणको प्रथम चरणमा साइप्रस पुग्नु भएको छ|
2. इरान र इजरायल संघर्ष बीच इरानस्थित भारतीय दूतावासले सबै भारतीय नागरिकहरू र भारतीय मूलका मानिसहरूलाई दूतावाससँग सम्पर्कमा रहन परामर्श जारि गरेको छ|
3. जिल्ला कानूनी सेवा प्राधिकरण डीएलएसएको आयोजनामा आज ज्येष्ठ नागरिक दुर्व्यवहार जागरूकता दिवस दार्जिलिंगमा पालन गरियो।
4. दार्जीलिङ र सिक्किमका फिटनेस समुदाय प्रोजेक्ट लाइफका चार धावकहरुले महाराष्ट्रको सह्याद्री पर्वत शृङ्खलामा आयोजित "द ग्रेट मालवा घाटी अल्ट्रा ट्रेल रन २०२५"-मा उत्कृष्ट प्रदर्शन गरेका छन्।
5. उत्तर बङ्गाल कबड्डी च्याम्पियनशिप मल्दा जिल्ला टीमले जितेको छ|

**प्रधानमन्त्री भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी तीन- देशहरु साइप्रस, क्यानाडा र क्रोएसियाको भ्रमणको पहिलो चरणमा साइप्रस पुग्नु भयो। साइप्रसका राष्ट्रपति निकोस क्रिस्टोडौलिडेसले लारनाका अन्तर्राष्ट्रिय हवाई अड्डामा उहाँको स्वागत गरे। त्यसपछि, प्रधानमन्त्री लेमेसोस प्रस्थान गर्नुभयो, जहाँ भारतीय समुदाय र साइप्रसका मानिसहरुले उहाँको न्यानो स्वागत गर्नुभयो। पछिल्लो दुई दशकमा भारतीय प्रधानमन्त्रीको साइप्रसको पहिलो भ्रमण हो। भूमध्यसागर क्षेत्रका साथ भारतको सम्पर्कलाई सुदृढ पार्ने दिशामा श्री मोदीको यो भ्रमण एक महत्त्वपूर्ण कदम हो।

**विदेश मंत्रालय ईरान परामर्श**

इरानमा भारतीय दूतावासले आज एक परामर्श जारी गरेको छ जसमा इरानमा रहेका सबै भारतीय नागरिक र भारतीय मूलका व्यक्तिहरूलाई दूतावाससित सम्पर्कमा रहन र सबै अनावश्यक आवाजाहीबाट बँच्न भनिएको छ। इरानको वर्तमान स्थितिलाई ध्यानमा राख्दै यो परामर्श जारी गरिएको हो। सबै भारतीय नागरिकहरू र भारतीय मूलका दूतावासको सोशल मीडियामा जारी निर्देशहरुको पालना गर्न भनिएको छ। कुनै पनि आपातकालीन स्थितिको लागि यी नंबरहरुमा सम्पर्क गर्न भनिएको छ +98 9128109115 र +98 9128109109।केवल व्हाट्सएपको लागि संपर्क नंबर +98 901044557, +98 9015993320 र +918086871709 हुन। बंदर अब्बासका लागि आपातकालीन टेलीफोन नंबर +98 9177699036 र ज़ाहेदानका लागि टेलीफोन नंबर +98 9396356649 रहेका छन् ।दूतावासले ईरानमा सबैसित दूतावास देखि स्थिति बारे अपडेट प्राप्त गर्नका लागि टेलीग्राम लिंकसित जोड़िन पनि अनुरोध गरेको छ।

**ज्येष्ठ नागरिक दुर्व्यवहार जागरूकता दिवस**

जिल्ला कानूनी सेवा प्राधिकरण डीएलएसएको आयोजनामा आज ज्येष्ठ नागरिक दुर्व्यवहार जागरूकता दिवस पालन गरियो। चौरस्तामा स्थित ज्येष्ठ नागरिक संस्थाको कार्यलयमा अध्यक्ष के बी गुरुङको उपस्तिथी बीच संस्थाका सदस्यहरुलाई लिएर डीएलएसएकी अधिवक्ता जयन्ती देवानले ज्येष्ठ नागरिकहरुलाई कानुनी जानकारी लगायत दुर्व्यवहार माथि रहेका कानुनी प्रावधान बारे जागरुक गराउनु भयो। संक्षिप्त कार्यक्रममा कानून सम्बन्धि विभिन्न जागरुकता पर्चाहरु पनि वितरण गरिएको जानकारी पी एल भी रीना रायाले दिनु भएको छ।

**नेपाली साहित्य**

भारतीय नेपाली साहित्यको बिकासको लागि मिरिक साहित्य सुनौ परिवारले लगातार काम गर्दै आईरहेको जानकारी नवनिर्वाचित महासचिव यज्ञनिधि ढकालले दिनु भएको छ।

*Byte*

**स्वस्तिका अब हिन्दीमा**

बंगालमा पछिल्लो 78 वर्षदेखिको राष्ट्रबोध औ सनातन संस्कृतिको भावनालाई सशक्त बनाइरहेको बंगला साप्ताहिक पत्रिका 'स्वस्तिका' अब हिन्दी पाठकहरूको लागि उपलब्ध हुनेछ। आगामी 15 अगस्त 2025-देखि यो पत्रिका हिन्दीमा मासिक संस्करणको रूपमा प्रकाशित गरिनेछ जुन पश्चिम बंगाल राज्यभरि नै वितरण हुनेछ। यस महत्वपूर्ण निर्णयको घोषणा संघको शतवर्ष पूरा भएको अवसरमा कोलकाता स्थित स्वस्तिका कार्यालयमा आयोजित बैठकमा गरियो। हिन्दी संस्करणको प्रकाशन कोलकाताको 27, विधान सरणी स्थित कार्यालयबाटै हुनेछ जुन पहिलाबाटै स्वस्तिकाको मुख्य कार्यालय हो।

**ट्रेल रन २०२५ विजेता**

दार्जीलिङ र सिक्किमका फिटनेस समुदाय प्रोजेक्ट लाइफका चार धावकले महाराष्ट्रको सह्याद्री पर्वत शृङ्खलामा आयोजित द ग्रेट मालवा घाटी अल्ट्रा ट्रेल रन २०२५-मा उत्कृष्ट प्रदर्शन गरेका छन्। भारत र विदेशका ४२५ भन्दा बढी धावक सहभागी उक्त प्रतियोगिता द जम्पिङ गोरिल्ला-ले आयोजना गरेको थियो। दार्जीलिङकी रञ्जु सुब्बा (२५ किमी – ४:३१ घण्टा) दोस्रो स्थानमा रहिन्, भने देउ भूषण राई (लेबोंग) तेस्रो (३:१६ घण्टा) भए। सुष्मिता राई (दक्षिण सिक्किम) ५० किमी दौडमा चौथो, र सकनोन लेप्चा (उत्तर सिक्किम) ७५ किमीमा छैठौं स्थानमा रहे। प्रोजेक्ट लाइफका समन्वयक विक्रम थापाले यो उपलब्धि पहाडी युवाहरूका लागि प्रेरणादायक भएको बताउनु भयो।

**कबड्डी**

उत्तर बंगाल कबड्डी च्याम्पियनशीप मालदा जिल्लाले जितेको छ। आज सिलगढ़ीको हिन्दी हाई स्कूल परिसरमा खेलिएको फाइनल म्याचमा मालदाले ३६ अंकल हासिल गरयो भने जलपाइगढ़ीले मात्र २३ अंक हासिल गर्न सक्यो। यसरी मालदाले १६ अंकले च्याम्पियनशीप जित्न सफल भयो। सर्वश्रेष्ठ आक्रमण गर्ने खेलाडी मादलाको इकनामूल हकलाई घोषित गरियो भने सर्वश्रेष्ठ पक्रिने खेलाड़ी जलपाइगढ़ीका लिटन बर्मनलाई घोषित गरियो।

*Byte*

**क्रामाकपा सभा**

क्रान्तिकारी माक्सवादी कम्युनिष्ट पार्टी (क्रामाकपा) केन्द्रीय सचिव मण्डलीको सभा सोनादामा सम्पन्न भयो। केन्द्रीय पार्टी अध्यक्ष जेबी राईको अध्यक्षतामा सम्पन्न सभामा पूर्व सांसद एंव क्रामाकपा केन्द्रीय परामर्श समितिका चेयरम्यान आरबी राईको विशेष उपस्थिति रहेको थियो| सभामा महत्वपूर्ण निर्णयहरु लिइएको बताइएको छ। सभामा दार्जिलिङ पहाडको चिया उद्योग ह्रास हुँदै गएको, चियाबारीहरु बन्द भईरहेको, श्रमिकहरुको अवस्था दयनीय बन्दै गईरहेको तथा श्रमिकहरुले चियाबारीमा मालिकाना हक नपाएको विषयमा चर्चा परिचर्चा गर्दै यस विषयमा क्रामाकपाको श्रमिक संगठनले लगातार रुपमा काम गरिरहेको विषयमा छलफल गरियो। सभाको निर्णय अनुसार 1955 सालमा मार्गरिट्स होपमा भएको घटनालाई लिएर आगामी 25 जूनमा क्रामाकपाले मार्गरिट्स होपमा श्रद्धाञ्जली सभा आयोजना गर्ने भएको छ।

**गोरामुमो अध्यक्ष मन घिसिङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) का अध्यक्ष मन घिसिङको नेतृत्वमा केन्द्रिय समितिका सदस्य, शीर्ष नेतृत्व तथा कार्यकर्ताहरूको एक टोली पूर्व विधायक रेणुलिना सुब्बासँग भेट गर्न उहाँको निवास स्थान सिन्देबुङ, कालेबुङ पुगेका थिए। जीटीएद्वारा घोषित पहिलो सुवास घिसिङ सर्वोच्च नागरिक सम्मान पुरस्कारका लागि चयनित भएकोमा अध्यक्ष घिसिङले रेणुलिना सुब्बालाई बधाई दिनु भयो। यस अवसरमा गोरामुमो टोलीले श्रीमती सुब्बालाई खदा र माला अर्पण गरी शुभकामना व्यक्त गऱ्यो। भेटवार्ताको क्रममा अध्यक्ष मन घिसिङ र रेणुलिना सुब्बाबीच विगतका राजनीतिक विषयहरूमा गहन संवाद भएको थियो। आफ्ना अनुभवहरू बाँड्दै रेणुलिना सुब्बाले भन्नु भयो, यो पुरस्कार मलाई होइन, सुवास घिसिङको गोर्खा जातिको लागि पुऱ्याएको योगदानलाई समर्पित छ। विचार फरक हुन सक्छ, तर पहिला हामी गोर्खा हौं।

****** ० ******